सुदूरपश्चिम प्रदेश सरकार

# टीकापुर अस्पताल

टीकापुर, कैलाली

## परामर्श सेवा अन्तर्गत आशयपत्र पेश गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०६/०५ गते) सम्पर्क फोन नं. ०९१-५६०४८८

चालु आ.व.०७९।०८० को लागि टीकापुर अस्पतालमा १(एक) जना एनेस्थेसियोलोजिष्ट विशेषज्ञ डाक्टरको आवश्यकता भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० बमोजिम परामर्श सेवाको माध्यमद्वारा संक्षिप्त सूचि तयार गर्न खुल्ला रुपमा आशयपत्र माग गर्नुपर्ने भएकाले इच्छुक योग्य आशयपत्रदाताहरुको लागि उल्लेखित शर्तको अधिनमा रही रीतपूर्वक आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) इच्छुक आशयपत्रदाताले मिति २०७९/०६/२३ भित्र कार्यालय समयमा यस अस्पतालमा वा इमेल tikapuraspatal@gmail.com मार्फत आशयपत्र दर्ता गराउनुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको दिन दर्ता गर्न सकिनेछ ।

२) यस अस्पतालको अपरेशन थियटर,एच.डि.यु./आई.सि.यु.,इमरजेन्शी तथा वार्डमा काम गर्नुपर्ने छ ।

३) पारिश्रमिक वाफतको रकम प्रदेश सरकारबाट प्राप्त बउशि नं. ३५००२०१३३ खर्च शिर्षक नं. २२४११ बाट उपलब्ध गराइनेछ ।

४) आशयपत्रदाताको योग्यता सम्बन्धित विषयमा स्तानकोत्तर भई एन.एम.सि.मा दर्ता भएको हुनुपर्नेछ। आशयपत्रदाताको उमेर ४५ वर्ष ननाघेको हुनुपर्नेछ र प्रचलित कानुनद्धारा अयोग्य नभएको हुनुपर्नेछ।

५) फेलोशिपसंग सम्बन्धित प्रमाणपत्र(उपलब्ध भएमा) र कार्य अनुभवका प्रमाणपत्रको प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

६) रीत नपुगेको वा म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको आशयपत्र माथि कुनै कारवाही गरिने छैन ।

७) सम्झौता अवधि आ.व.२०७९।०८० को मिति २०८० असाढ मसान्तसम्मको लागि हुनेछ ।तर पर्याप्त बजेटको व्यवस्था भएमा अर्को आ.व.मा पनि सम्झौताको म्याद थप गर्न सकिनेछ ।

८) संक्षिप्त सूचिमा पर्न सफल आशयपत्रदाताहरुसंग मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्तावहरु माग गरिनेछ ।

९) आशयपत्रको साथ नागरिकता,एनेस्थेसियालोजी विषयमा स्नातकोत्तर गरेको शैक्षिक प्रमाणपत्रहरु,ट्रान्सक्रिप्ट,एनेस्थेसियालोजी नेपाल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र लगायतका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

१०) तालीम सेमिनारमा सहभागी भएको प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

११) पारिश्रमिक वाहेकका अन्य भौतिक तथा आर्थिक सुविधाहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

११) आशयपत्र सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस अस्पतालको कार्यालय समय भित्र फोन नं. ०९१-५६०४८८ मा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१२ माथि उल्लेखित शर्त वाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (१२ औं संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (१२ औं संशोधन सहित) बमोजिम हुनेछन् ।

टीकापुर अस्पताल
टीकापुर, कैलाली ।

नि.प्र.मेडिकल सुपरिन्टेन्डेण्ट

CamScanner